मिति २०८०/०७/२० गते आ.ब.०८०/०८१ को नगर कार्यपालिकाको पाँचौं बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | प्राकृतिक स्रोत साधनको बिक्रि तथा निकासी शुल्क संकलन ठेक्का सम्बन्धमा । | • यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८०/०७/१७ गतेको सिफारिसानुसार छैठौं पटकका लागि मु.अ.कर बाहेक रु.१,५०,००,०००।- (अक्षरुपी एक करोड पचास लाख रुपैयाँ) न्यूनतम अंक कायम गरी निर्माणमुखी कच्चा पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटो) प्राकृतिक स्रोत साधनको बिक्री तथा निकासी शुल्क संकलनको आय ठेक्काको मिति २०८०/०७/१९ गते प्रकाशित सुचनालाई अनुमोदन गर्ने । |
| २. | बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा । | • २०८०/०७/२३ गते गत आ.ब.०७९/०८० को बार्षिक समिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| ३. | विविध । | • साविक सेतिदेवी गा.वि.स.हाल दक्षिणकाली न.पा.वडा नं.३ का नागरिक डा. बद्री के.सी. गैर आवासीय नेपाली संघको अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा निजलाई यस नगरपालिकाबाट नागरिक अभिनन्दन गर्ने ।<br>• दक्षिणकाली नगरपालिका वडा नं.८ मा रहेको पञ्चकन्या मा.वि.लाई बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट स्कुल बस सञ्चालनका लागि बजेट विनियोजन गरिएको हुदाँ उक्त बस सञ्चालन गर्नका लागि विद्यालयको स्रोतबाट सञ्चालन खर्च अपुग भएमा वडास्तरिय तथा नगरस्तरिय बजेटबाट सञ्चालन गर्ने गरि प्रतिबद्धता सहित विद्यालयलाई प्रदेश शिक्षा निर्देशनालयसँग सम्झौता गर्न सहमति दिने ।<br>• दक्षिणकाली नगरपालिका वडा नं.४ को बाल सुधार आधारभुत विद्यालयको भवन २०७२ सालको भुकम्पबाट चर्केको र हालको भुकम्पबाट भत्किएको हुदाँ विद्यार्थिहरुको अध्ययन अध्यापन कार्यलाई जोखिमबाट मुक्त गर्न ट्रष्ट निर्माणका लागि हुने खर्च प्राविधिक लागत अनुमान बमोजिम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।<br>• जाजरकोट केन्द्रबिन्दु भएर मिति २०८०/०७/१७ गते गएको विनाशकारी भुकम्पमा परि ज्यान गुमाउनु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना एवं घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उक्त भुकम्प प्रभावितहरुको लागि यस नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट सहयोग रकम रु.२,००,०००।- उपत्यका मेयर्स फोरम मार्फत् उपलब्ध |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | गराउने ।<br>• द.न.पा.५ स्थित यस नगरपालिकाको प्रशासनीक भवन निर्माण स्थलसम्म जाने बाटो व्यवस्थित गर्नु पर्ने भएको हुदाँ प्राविधिक लागत अनुमान बमोजिम मर्मत सम्भार कोषबाट खर्च हुने गरी कार्य गर्ने ।<br>• नेपालीहरुको महान् चाड शुभ दिपावली, नेपाल सम्वत् ११४४ तथा छठ पर्व २०८० को अवसरमा सम्पूर्ण नगरबासीहरुलाई हार्दिक शुभकामना प्रदान गर्ने ।<br>• शुभ दिपावली, नेपाल सम्वत् ११४४ तथा छठ पर्व २०८० को अवसरमा यही २०८० कात्तिक २४ गते यस नगरपालिकाको जनप्रतिनिधि (पूर्व जनप्रतिनिधि समेत) र कर्मचारीहरुबिच हुने मैत्रीपूर्ण फुटबल प्रतियोगिता दक्षिणकाली नगर खेलकुद विकास समितिसँग समन्वय गरी सञ्चालन गर्ने ।<br>• दक्षिणकाली नगर अस्पतालमा ल्याब सञ्चालनको लागि थप १ जना जनशक्ति आवश्यक भएको हुदाँ स्थायी पदपूर्ति नभएसम्मका लागि एक वर्ष भित्र गरिएको विज्ञापनको वैकल्पिक सूचिको प्राथमिकताक्रम अनुसारको उम्मेदवारसँग करार सम्झौता गर्ने । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत